नेपाल सरकार

# सङ्‍घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

मिति: २०७८/०६/०१

## सूचना

प्रत्येक दश बर्षमा हुने राष्ट्रिय जनगणना यही मिति २०७८/०५/३० देखि शुरु भएको सर्वविदितै छ । उक्त कार्यलाई प्रभावकारी रुपमा तोकिएको समय भित्रै सम्पन्न गर्नु हामी सबैको दायित्व रहेको छ । यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगबाट मिति २०७८/०६/०१ को पत्रबाट स्थानीय तहमा कार्यरत तथा जनगणना कार्यका लागि काजमा खटिएका सम्पूर्ण कर्मचारीहरुलाई राष्ट्रिय जनगणनाको अवधिभर हाल कार्यरत स्थान/निकायमै रहने व्यवस्था मिलाउन लेखी आएको हुँदा सो बमोजिम उल्लिखित कर्मचारीहरुको सरुवा/काज सम्बन्धी कार्य जनगणना अवधिभरका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

..............................

(कृष्ण प्रसाद भुसाल)

उपसचिव

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः- ०७८।७९

चलानी संख्याः- ९८

मितिः २०७८/०६/०१

श्री प्रिय सहकारीज्यू,

**विषयः राष्ट्रिय जनगणनाको अवधिमा सम्बद्ध कर्मचारीको सरुवा नगरिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०५/२१ को निर्णय अनुसार राष्ट्रिय जनगणनाका क्रियाकलापहरु मध्ये भदौ ३० गते देखि असोज १८ सम्म प्रत्येक घरमा पुगी घरपरिवार सूचिकरण गरिनेछ भने आगामी कार्तिक २५ गते देखि मंसिर ९ गतेसम्म मूल गणना कार्य सम्पन्न गरिनेछ। स्थानीयस्तरमा जनगणना सञ्चालनमा व्यवस्थापकीय कार्य तथा अनुगमन कार्यमा वडा अध्यक्षको अध्यक्षतामा वडासचिवसमेत रहने गरी वडा सहजीकरण समिति र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा स्थानीय जनगणना समन्वय समिति गठन भई समन्वयात्मकरुपमा कार्य भइरहेको छ। गुणस्तरीय, यथार्थ र सामयिक तथ्याङ्क संकलन गर्ने कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा संलग्न भई रहनु भएका स्थानीय तहमा रहेका प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव तथा केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्गतका तथ्याङ्क कार्यालयका कर्मचारीहरु एवं अन्य निकायवाट यस कार्यका लागि काज खटी आएका सबै कर्मचारीहरुलाई उल्लेखित अवधिभर हाल कार्यरत स्थान/निकायमै रहने व्यवस्था मिलाई राष्ट्रिय जनगणना कार्य सफल बनाउन यहाँको उच्च सहयोगको अपेक्षा गर्दछु।

.............................

(केवल प्रसाद भण्डारी)

सचिव

श्री सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

Scanned with CamScanner